पु- ४९
क - १
५०(जम्मा)

लोक सेवा आयोग

**नेपाल आयल निगम लिमिटेड, प्राविधिक, इन्जिनियरिङ्ग, मेकानिकल, छैठौं, सहायक प्रबन्धक (मेकानिकल) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा**

**२०७९।१०।२१**

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषयः **शासन व्यवस्था र विकास**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड "क"** **३० अङ्क**

१. राजनीति र प्रशासनबीचको सम्बन्ध सुमधुर बनाउने सन्र्दभमा देखिएका प्रमुख समस्याहरू के-के हुन्? यी दुई विधाबीचको सम्बन्धलाई कसरी कार्यात्मक (Functional) बनाउन सकिन्छ? उल्लेख गर्नुहोस् । ५+५=१०

२. संघीय शासन प्रणालीको परिचय दिनुहोस् । नेपालमा संघीय शासनलाई संस्थागत गर्न गरिएका र गर्नुपर्ने प्रयासको बारेमा छोटकरीमा प्रकाश पार्नुहोस् । ३+३+४=१०

३. नेपालको संवैधानिक विकासक्रमबारे संक्षेपमा प्रकाश पार्नुहोस् र नेपालको वर्तमान संविधानका प्रमुख विशेषताहरू लेख्नुहोस् । ५+५=१०

**खण्ड "ख"** **३० अङ्क**

४. संस्थागत सुशासनको अवधारणाबारे स्पष्ट पार्दै नेपालका सार्वजनिक संस्थानको सञ्चालन र व्यवस्थापनमा संस्थागत सुशासनको अवस्था कस्तो छ? विवेचना गर्दै सुधारका लागि सुझाव प्रस्तुत गर्नुहोस् । २+४+४=१०

५. सार्वजनिक संस्थानको परिचय दिँदै नेपालका सार्वजनिक संस्थानमध्ये नेपाल आयल निगम लिमिटेडको कार्यसम्पादनमा सुधार गर्न सुझावहरू प्रस्तुत गर्नुहोस् । ३+७=१०

६. नेपालमा सार्वजनिक संस्थानको निजीकरणको अवस्था र निजीकरणसम्बन्धी नेपाल सरकारका कार्यक्रमहरूको प्रभावकारीताबारे चर्चा गर्नुहोस् । ५+५=१०

**खण्ड "ग"** **४० अङ्क**

७. नेपालमा पेट्रोलियम पदार्थको आयात, ढुवानी र बिक्रि-वितरणसम्बन्धी व्यवस्थाको चर्चा गर्दै विद्यमान व्यवस्थामा के-कस्तो सुधारको आवश्यकता देख्नुहुन्छ? औँल्याउनुहोस् । ५+५=१०

८. नेपाल आयल निगम लिमिटेडलाई स्वायत्त र स्वचालितरूपमा सञ्चालन र व्यवस्थापनका लागि निगमको सञ्चालक समितिको भूमिका तथा उत्तरदायित्व कसरी निर्वाह गर्नुपर्दछ? विश्लेषणात्मकरूपमा उल्लेख गर्नुहोस् । १०

९. नेपाल आयल निगम लिमिटेडका कर्मचारीले पालना गर्नुपर्ने प्रमुख आचरणहरू के-के हुन्? विनियमावलीबमोजिम के-कस्ता काम कारवाहीलाई खराब आचरणको रूपमा लिइन्छ? उल्लेख गर्नुहोस् । ६+४=१०

१०. पेट्रोलियम पदार्थको गुणस्तर नियन्त्रणको लागि नेपाल आयल निगम लिमिटेडले जारी गरेको पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०६४ का प्रमुख व्यवस्थाहरू उल्लेख गर्नुहोस् । १०

**:: समाप्त ::**